नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३

च.नं. १८४

मितिः २०८२/०८/२२

श्री शिक्षा हेर्ने मन्त्रालय, ७ वटै प्रदेश,

श्री सम्बन्धित स्थानीय तह।

**विषय : विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम कार्यान्वयनसम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आव २०८२/८३ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतको स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरण भई गएको **निर्मित गुरूयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान शीर्षकको** कार्यक्रम र प्रदेशमा वित्तीय हस्तान्तरण भई गएको **सङ्घ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालन हुने (विपदबाट क्षति भएका विद्यालयको भौतिक सुधार अनुदान) कार्यक्रम** कार्यान्वयनको सम्बन्धमा तपसिल बमोजिम गर्न यस केन्द्रको मिति २०८२/०८/२२ को निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत आव २०८२/८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिको बुँदा नं. २.३.१६, **निर्मित गुरूयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान** क्रियाकलाप न. ११.१.२.४१५५ को १६.१ मा उल्लेख भएको कार्यान्वयन प्रक्रियाको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने। स्थानीय तहले विद्यालय छनोट गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०८/१५ को (माननीय मन्त्रीस्तरीय निर्णयद्वारा) स्वीकृत संलग्न **"विद्यालय भौतिक पूर्वाधार निर्माण गुरूयोजना २०८२"** को **अनुसूची १** बमोजिमका विद्यालयहरूमध्येबाट आवश्यकता र औचित्यका आधारमा ४ (चार) कोठे भवन निर्माण कार्य गर्ने गराउने।

२. सङ्घ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालन हुने कार्यक्रम (विपदबाट क्षति भएका विद्यालयको भौतिक सुधार अनुदान) कार्यान्वयनको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ को बुँदा न. ३.१.५ बमोजिम संलग्न **विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना २०८२** मा समावेश भएका विद्यालयहरूमध्येबाट आवश्यकता र औचित्यका आधारमा छनोट गरी कार्यान्वयन गर्नु गराउनु हुन।

निलकण्ठ ढकाल

निर्देशक